**Content Analysis of Education News Published in 6 Daily News Papers**

प्रमुख राष्ट्रिय दैनिकहरुमा २०७४ सालको असार महिनाभर छापिएका समाचार/लेखको स्थिति :

| पत्रिका | समाचार | सम्पादकीय | लेख | अन्तर्वार्ता | पाठकपत्र | जम्मा |
|---|---|---|---|---|---|---|
| नागरिक | १० | १ | ३ | ० | ० | १४ |
| कान्तिपुर | ३० | १ | ७ | ० | ० | ३८ |
| गोरखापत्र | ३६ | १ | ३ | ० | ० | ४० |
| राजधानी | ९ | ० | १० | ० | ० | १९ |
| नयाँ पत्रिका | ११ | ० | १ | ० | ० | १२ |
| अन्नपूर्ण पोष्ट | ३१ | ० | २ | १ | ० | ३४ |
| जम्मा | १२७ | ३ | २६ | १ | ० | १५७ |

असार महिनामा ६ वटा पत्रिकामा १२७ वटा शिक्षा सम्बन्धी समाचार प्रकाशित भएकामा गोरखापत्रले सबैभन्दा धेरै ३६ तथा अन्नपूर्ण पोष्टले ३१ र कान्तिपुरले ३० वटा समाचारलाई स्थान दिएका छन् । शिक्षा सम्बन्धी समाचार सबैभन्दा कम प्रकाशित गर्ने पत्रिकामा राजधानी रहेको छ ।



प्रमुख राष्ट्रिय दैनिकहरुमा असार महिनाभर काठमाडौं र काठमाडौं वाहिरको डेटलाइनमा छापिएका समाचारको स्थिति :

| समाचारको डेटलाइन | नागरिक | कान्तिपुर | गोरखापत्र | राजधानी | नयाँ पत्रिका | अन्नपूर्ण पोष्ट | जम्मा |
|---|---|---|---|---|---|---|---|
| काठमाडौं | ७ | १३ | ७ | ५ | ७ | १५ | ५४ |
| काठमाडौं वाहिर | ३ | १७ | २९ | ४ | ४ | १६ | ७३ |
| जम्मा | १० | ३० | ३६ | ९ | ११ | ३१ | १२७ |

गोरखापत्रले असार महिनामा ३६ वटा शिक्षा सम्बन्धी समाचार प्रकाशित गरेकामा काठमाडौं वाहिरका २९ वटा अर्थात ८०% समाचारले स्थान पाएका छन् । ६ वटा पत्रिकामा छापिएका काठमाडौं वाहिरका समाचारमा गोरखापत्रमा छापिएका समाचारको हिस्सा सबैभन्दा धेरै ४०% रहेको छ । कान्तिपुर र अन्नपूर्ण पोटले पनि काठमाडौं वाहिरका समाचारलाई मबढ्ता महत्व दिएका छन् । तर नागरिकमा काठमाडौं वाहिरका जम्मा तीन वटा समाचारले मात्र स्थान पाएका छन् । नागरिकले असार महिनामा गोरखा साक्षर जिल्ला घोषित शिर्षकमा चार कोलम, पाल उडाएपछि विद्यार्थीको विचल्ली शिर्षकमा सर्खेत डेटलाइनको तीन कोलम र शिक्षक विवाद्ले विद्यार्थी सडकमा शिर्षकमा वीरगञ्ज डेटलाइनको चार कोलमको समाचार छापेको छ । नयाँ पत्रिका र राजधानीमा पनि काठमाडौं वाहिरका समाचारले कम प्राथमिकता पाएको माथिको तालिकाले देखाएको छ ।




यसवाहेक क्याप्सनसहितका र समाचारसँग सम्बन्धित तस्बिर नागरिकमा ४, कान्तिपुरमा १४, गोरखापत्रमा ६, राजधानीमा २, नयाँ पत्रिकामा ६ र अन्नपूर्ण पोष्टमा १७ वटा प्रकाशित भएका छन् । ६ वटा पत्रिकामा शिक्षा सम्बन्धि ४९ वटा तस्विर छापिएकामा तस्विरको स्थिति तलको चार्टमा प्रस्तुत गरिएको छ ।




## पहिलो पेजका समाचारका विषय

समाचार छापिएको पृष्ठ र समाचारलाई दिइएको स्थान (कोलम)का आधारमा समाचार कति महत्वको हो भन्ने मापन गरिन्छ ।

नयाँ पत्रिका पहिलो पेजमा गत वर्षकोभन्दा पनि कमजोर नतिजा शिर्षकमा जम्मा एउटा समाचार प्रकाशित गरेको छ ।

नागरिकले पहिलो पेजमा ३ वटा समाचारलाई स्थान दिएको छ । विद्यालयमा नो जंक फुड शिर्षकमा ४ कोलम, कपडा सिलाउँदै एमबीबीएस टप शिर्षकमा २ कोलम र झनै खस्कियो नतिजा शिर्षकमा ३ कोलमको समाचार नागरिकमा छापिएको छ ।

अन्नपूर्ण पोष्टले त्रिविको चरम लापरवाही, १९५ उत्तरपुस्तिका हराए शिर्षक र सी, डी र ईलाई पुर्नपरीक्षा शिर्षकमा गरी दुई वटा समाचारलाई पहिलो पेजमा स्थान दिएको छ ।

कान्तिपुरले एसईई नतिजा सुधारोन्मुख शिर्षकको ५ कोलमको र के पढ्न कति जीपीए चाहिने ? शिर्षकको ३ कोलमको समाचार पहिलो पेजमा प्रकाशित गरेको छ । कान्तिपुरले एसईई नतिजालाई सुधारोन्मुख भनेकामा नयाँ पत्रिकाले कमजोर नतिजाको रुपमा समाचार दिंदा पाठकले कुन समाचार पत्याउने ? प्रश्न उब्जिएको छ ।

गोरखापत्रले एसइईको परीक्षाफल सार्वजनिक, अस्थायी शिक्षकलाई परीक्षामा पास नभएपनि पैसा र विश्वविद्यालयलाई विशुद्ध प्राज्ञिक बनाइनुपर्छ शिर्षकमा तीन वटा समाचार प्रकाशित गरेको छ । विश्वविद्यालयलाई विशुद्ध प्राज्ञिक बनाइनुपर्छ शिर्षकको तीन कोलमको समाचार प्रधानमन्त्री शेरबहादुर देउवाको भाषणमा आधारित समाचार हो ।

राजधानीले एसईई परीक्षामा छात्रा बढी, नतिजामा छात्र शिर्षकमा राससको समाचार प्रकाशित गरेको छ तर पहिलो पेजमा भने शिक्षाका एउटै समाचार छैनन् ।

**समाचारको प्राथमिकता**

कोलमले समाचारको महत्व दर्शाउने गरेकामा ६ वटा पत्रिकामा ३ कोलमका समाचार सबैभन्दा धेरै प्रकाशित भएका छन् । गोरखापत्र, कान्तिपुर र अन्नपूर्ण पोष्टमा ३ कोलमका समाचार बढी प्रकाशित भएका छन् भने राजधानीमा चार कोलम र सोभन्दा बढी कोलमका शिक्षा सम्बन्धी समाचार एउटै छापिएका छैनन् । गतवर्षको भन्दा पनि कमजोर शिर्षकमा एसईई परीक्षाको नतिजा सम्बन्धी समाचार ३ कोलममा छापेका नयाँ पत्रिकाले उत्कृष्ट १२ लाई एनसेल छात्रवृत्ति शिर्षकको समाचारलाई ५ कोलमको स्थान दिएको छ । एक कोलमको समाचारलाई फिलरको रुपमा अर्थात कम महत्वको रुपमा लिइने गरिएकामा नयाँ पत्रिका र नागरिकले एक कोलमका एउटै समाचार प्रकाशित गरेका छैनन् भने अन्नपूर्ण पोष्टमा पनि एउटा मात्र समाचार छापिएको छ । गोरखापत्रले एक कोलमका सबैभन्दा धेरै ६ वटा तथा कान्तिपुरले ५ वटा समाचार प्रकाशन गरेका छन् । असार महिनामा चार दिन शिक्षा पृष्ठ निकालेको अन्नपूर्ण पोष्टले मेघा स्कुलको प्रगति शुन्यबाट शतप्रतिशत, विद्यालयको होस्टे, समुदायको हैंसे, सहभागी हुनेमा केटी धेरै, उच्च अंक ल्याउनेमा केटा र कसरी हराउँदै उत्तरपुस्तिका शिर्षकमा ७ कोलमका ४ वटा समाचार प्रकाशित गरेको छ । कान्तिपुरले एसईई परीक्षाको नतिजापछि शिक्षा विशेष पेज निकालेर सामुदायिकमा अवसरै अवसर, अनिवार्य प्राविधिक शिक्षा, अबको गन्तव्य, विद्यालय तहमा कानून र विषय रोज्नुअघि शिर्षकमा पाँचवटा ब्यानर समाचार प्रकाशित गरेको छ । तर नयाँपत्रिका, नागरिक र राजधानीमा भने एसईई परीक्षाको नतिजापछि प्लस टु भर्नाको विषयमा एउटै समाचारले स्थान पाएको देखिएन ।

कोलमका आधारमा पत्रिकाहरुमा छापिएका समाचारको स्थिति :

| पत्रिका | १ कोलम | २ कोलम | ३ कोलम | ४ कोलम | ५ कोलम | ६ कोलम | ७ कोलम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| नागरिक | ० | २ | ३ | ५ | ० | ० | ० | १० |
| कान्तिपुर | ५ | ५ | ११ | ५ | २ | ० | २ | ३० |
| गोरखापत्र | ६ | ६ | १३ | ११ | ० | ० | ० | ३६ |
| राजधानी | ३ | २ | ४ | ० | ० | ० | ० | ९ |
| नयाँ पत्रिका | ० | २ | ७ | १ | १ | ० | ० | ११ |
| अन्नपूर्ण पोष्ट | १ | ५ | ११ | ७ | ३ | ० | ४ | ३१ |
| जम्मा | १५ | २२ | ४९ | २९ | ६ | ० | ६ | १२७ |




माथिको चार्ट अनुसार ६ वटा पत्रिकामा तीन कोलमका समाचार सबैभन्दा धेरै प्रकाशित भएका छन् । चार कोलम र दुई कोलमका समाचारले पनि पत्रिकाहरुमा धेरै स्थान पाएको माथिको चार्टले देखाएको छ ।

## सम्पादकीय

६ वटा पत्रिकामा एक महिनाको अवधिमा शिक्षाको विषयमा तीनवटा मात्र सम्पादकीय प्रकाशित भएको पाइयो । गोरखापत्र, कान्तिपुर र नागरिकले एक/एक वटा सम्पादकीय प्रकाशित गरेका छन् बाँकि तीन वटा पत्रिकामा सम्पादकीय छैन । सम्पादकीय प्रकाशित गरेका पत्रिकाले एसईई परीक्षाको नतिजालाई विषयवस्तु बनाएका छन् । गोरखापत्रले एसईई र यसपछिको बाटो तथा कान्तिपुरले एसईई नतिजाको पाठ शिर्षकमा सम्पादकीय लेखेका छन् भने नागरिकले शिक्षाको भिक्षा शिर्षकमा एसईई दाताको दबाबमा सुरु गरिएकाले नतिजा नराम्रो आएको उल्लेख गरेको छ ।

## समाचारभन्दा लेख धेरै

एक महिनाको अवधिमा ६ वटा पत्रिकामा शिक्षा सम्बन्धी २६ वटा लेख छापिएका छन् तीमध्ये १० वटा लेख राजधानीमा छापिएका हुन् । राजधानीमा समाचार ९ वटा छापिएकामा लेख भने समाचारभन्दा एउटा बढी छापिएको छ । नयाँ पत्रिकामा युनिग्लोबमा विद्यार्थी केन्द्रीत सिकाइ शिर्षकमा एउटा लेख छापिएको छ भने कान्तिपुरले शिक्षाका विषयमा ७ वटा लेखलाई स्थान दिएको छ ।